# मौरी गोलामा गरिने व्यवस्थापन कार्यहरू

शंकर प्रसाद न्यौपाने

मौरी पालनमा केही अनिवार्य रुपमा गर्नुपर्ने व्यवस्थापन कार्यहरु छन् । ती कार्यहरु समयमा नै गर्नाले मौरीपालन व्यवसायलाई सफल पार्न विशेष योगदान पुऱ्याउँछन् । ऋतु अनुसार व्यवस्थापनका कार्यहरु गर्नु पर्छ ।

## बसन्त ऋतु

बसन्त ऋतु भन्नाले फाल्गुण, चैत्र र बैशाखको न्यानो समय हो । यतिबेला बोट विरुवामा प्रशस्त फूलहरु फुल्न थाल्छन् । यो समयमा रानी मौरीले प्रशस्त फुल पार्न शुरु गर्छ । यसरी छाउरा हुर्काउने क्रममा मौरी गोलामा ५-७ वटा रानु र २-४ सय भाले मौरी अरु हजारौंको संख्यामा कर्मी मौरी हुर्कन्छन् । मौरी गोलामा नयाँ रानु तयार भै वयस्क रानु निस्कनु १०-१५ घण्टा अगावै पुरानु रानू गोलाका आधाजसो कर्मी मौरी लिएर अन्यत्र जान्छ । यदि गोला संख्या बढाउनु छ भने बलियो गोलाबाट वर्षमा ५-७ पटक हुल निर्यास गराई वा गोला विभाजन गरेर अर्को घारमा राख्न सकिन्छ । यस ऋतुमा ५-७ दिनको अन्तरमा गोला निरीक्षण गरिरहनु पर्छ । यदि वंशवृद्धि गराउनु छैन र मुल गोला नै कमजोर छ भने बसन्त ऋतुको शुरुमा नै भाले कोष र रानु कोष झिकेर हटाउनु पर्छ ।

गोलामा मौरीको संख्या बढ्दै जाँदा घारमा कृत्रिम चाका जोडिएका चौकोशहरु थप्दै जानुपर्छ । छाउरा कक्ष भरिएपछि मह कक्ष थपिदिनु पर्छ । घारको प्रवेशद्वार लामो प्वालतर्फ फर्काउनु पर्छ । यी मौसममा ताप र ओसको मात्रा पनि बढ्ने हुँदा मौरीका छाउरामा यूरोपियन फाउल ब्रुड वा अमेरिकन फाउल ब्रुड वा स्याक ब्रुड जस्ता रोग पनि लाग्न सक्छ । त्यस्तै वयस्क मौरीमा प्यारालाइसिस रोग लाग्न सक्छ । तसर्थ घार निरीक्षण गर्दा यी कुराहरुको पनि ख्याल राख्नु पर्छ ।

यो मौसम मह उत्पादन हुने क्षेत्रमा मह कक्षमा मह भरेर करीब ९० प्रतिशत कोष टालेपछि मह काढ्नु पर्छ । गोलालाई सवल र सक्रिय बनाउन रानी फेरेर नयाँ रानु दिनु पर्छ ।

## गृष्म ऋतु

यो वर्षको सबैभन्दा गर्मी र सुख्खा समय हो । यस अवधि अन्तरगत जेठ र असार महिना पर्छन् । मौरीलाई यो ऋतुमा चरनको अभाव हुन्छ । घारमा मौरीलाइ चाहिने मात्रामा मह हुनुपर्छ ।

यदि मौरी घारभित्रको तापक्रम ३४° से. भन्दा बढी हुनु हुँदैन र यो तापक्रम सधैं मिलाउनको लागि जस्तै

- आधुनिक घारमा मौरी पाल्ने,
- ज्यादै गर्मी भए घारलाई छाँया दिन घारमाथि पराल वा खरको छाप्रो राखी शीतल पार्नुपर्छ ,
- गर्मीमा घार वरपर पानी छर्कने,
- गर्मी महिनामा शितल ठाउँमा वा तराईबाट पहाड तर्फ गोला स्थानान्तरण गर्ने ।



कुनै गोला कमजोर भए अर्को बलियो गोलाको छाउरा सहितको चाका दिनुपर्छ । कमिलाबाट जोगाउन घार खुट्टा पानी भएको कचौरामाथि राख्नु पर्छ । अरिंगाल, बच्छयूंको




गोला खोजेर मास्नु पर्छ वा हानेर मार्नु पर्छ । कमजोर गोलाको प्रवेशद्वार छोटोतर्फ फर्काउनु पर्छ । आवश्यक परेमा चिनी चास्नी दिनु पर्छ ।

**उच्च पहाडी क्षेत्रमा भने प्रशस्त मह उत्पादन हुन सक्छ ।**

## वर्षा ऋतु

तराई र मध्यपहाडमा यो बेलामा अविरल वर्षाका कारण फूलमा मौरीको आहारा पनि कम हुन्छ र मौरी उडेर आहारा संकलन गर्न पनि सक्दैन तसर्थ गोलामा पहिले संचय गरेको खानामा निर्भर हुन्छ । रानी मौरीले फुल पार्न छोड्छ जसले गर्दा गोला कमजोर हुन्छ । कमजोर गोलामा उपलब्ध हुन सके बलियो गोलाका छाउरा चाका दिनु पर्छ त्यसो नभए कमजोर गोला एक आपसमा मिसाउनु पर्छ । खानाको कमि भएमा कृत्रिम आहारा दिनु पर्छ ।

वर्षा ऋतुमा मैन पुतली लगायत अन्य रोगहरुको प्रकोप बढी हुन्छ । त्यसैले घार निरीक्षण गरी उपचारको व्यवस्था गर्नु पर्छ । मौरीले छोडेका खाली चाका क्रमशः झिकेर भण्डारमा लगेर राख्नुपर्छ । घारमा पानी नपसोस भनी छानो बनाइ दिनुपर्छ ।

उच्च पहाडी क्षेत्रमा यो बेला मह उत्पादन हुन सक्छ । यदि मह प्रशस्त लगाएको छ भने चौकोशमा मह हेरी काढ्नु पर्छ ।

## शरद ऋतु

शरद ऋतुभित्र असोज र कार्त्तिक महिना पर्दछन् । मौरीको लागि यो सुवर्णकाल हो । वर्षाले विश्राम लिएपछि प्रशस्त फूलहरु फुल्ने संकेत पाउनासाथ सेरानाको रानु मौरीले सरदर दैनिक ५०० देखि ७०० र मेलिफेराको रानुले सरदर दैनिक १००० देखि २००० सम्म फुलहरु पार्दछ। यो समयमा हुल निर्यास पनि हुन सक्दछ। तसर्थ घार निरीक्षण गर्दा यस कुरामा ध्यान दिनु पर्छ।

यो ऋतुमा ५ - ७ दिनको फरकमा घार निरीक्षण गर्ने, घार भित्र र बाहिर सफा गर्ने, गोला विभाजन वा रानूकोष हटाउने र स्याक ब्रुड रोगको विशेष ख्याल राख्ने जस्ता कामहरु गर्नुपर्छ। मह उत्पादन हुने क्षेत्रमा मह कक्ष थप्ने, चौकोशहरुमा आधारचाका जोडेर थप्ने, र मह झिक्ने गर्नुपर्छ। यो ऋतु रानु फेर्ने उपयुक्त समय हो।

यस मौसममा अन्तिम पटक मह काड्दा ६० प्रतिशत मौरीको लागि हिउँदमा खान छोडेर काढ्नुपर्छ। यो ऋतुको अन्तसंगै पहाडी क्षेत्रमा जाडोको कारणले मौरीको गतिविधी घट्दै जान्छ त्यसैले घारको प्रबेशद्वार सानोतिर फर्काउनु पर्छ।

## हिउँद ऋतु

यो ऋतुमा घारभित्र न्यानो बनाएर मौरीको संरक्षण गर्न घारका प्वालहरु, चर्केका छिद्रहरु हिलो माटोले टाल्नु पर्छ। प्रवेशद्वार छोटोतर्फ फर्काउनु पर्छ र घारलाई हावाको विपरित दिशा तर्फ फर्काउनु पर्छ।

घारलाई छाप्रोमुनि राख्नुको साथै पत्रिका वा सफा बोराको कपडाले प्रवेशद्वार खुला राखी बेर्नुपर्छ । घार निरीक्षण १५-२० दिनको अन्तरमा घाम लागेर न्यानो भएपछि गर्ने गर्नुपर्छ।

चिसो ठाउँमा रहेका मौरी गोला तराई वा बेसीका न्याना भागहरुमा स्थानान्तरण गर्नु अति उत्तम हुन्छ। गोला स्थानान्तरण सम्भव नभए मौरीलाइ प्रशस्त मह वा चास्नी खुवाउनु पर्छ।


प्रकाशन क्रमः १०-२०६६/६७

फोल्डर क्रम : ५

प्रकाशन प्रतिः ६०००

प्रकाशक तथा मुद्रण

कृषि सूचना तथा संचार केन्द्र

हरिहरभवन ललितपुर

फोनः ५५२५६१७, ५५२२२४८

Email: agroinfo@wlink.com.np

www.aicc.gov.np


# मौरी गोलामा गरिने व्यवस्थापन कार्यहरु




कृषि सूचना तथा संचार केन्द्र

हरिहर भवन, ललितपुर